


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार

समग्र बुलेटिन

| अंक - १४ | मंसिर २०६७ | पेज १ |
|---|---|---|


## तराई सापको अवलोकन भ्रमण

२०६७ साल मंसिर २८ गते बिहान धादिङ, गोरखा र लम्जुङमा क्रियाशील रहेका सामाजिक पारिवारका सदस्यहरू र केन्द्रीय कार्यालयबाट महासचिव तथा कर्मचारीसहित ५३ जनाको टोली पूर्वमा सञ्चालित सामाजिक परिवारहरूको गतिविधि अवलोकन गर्ने उद्देश्यले प्रस्थान गऱ्यो । जसमा महिला ४० र पुरुष १३ जना थिए । साँझ जनकपुरको रामजानकी दर्शनपछि लाहानमा बास बस्न पुग्यो । यस टोलीमा युथ एफ्एम्का वरिष्ठ प्रबन्ध निर्देशक माधव सिग्देल र रामचन्द्र यादवका साथै वरिष्ठ पत्रकार कृष्णमुरारी भण्डारी जानुभएको थियो ।




यो टोलीले दोस्रो दिन बिहान सप्तरीको पिप्रा पश्चिम वडा न.३ सिसुबारीको कामना सामाजिक परिवारका सदस्यहरूसँग अन्तरक्रिया गऱ्यो । त्यस ठाउँका सापको प्रयासमा भएका मानवअधिकारको उल्लङ्घन विरुद्धको अभियान र द्वन्द्व व्यवस्थापन तालिमद्वारा चेतनामा भएको अभिवृद्धिको जानकारी दिए । जिल्ला सदरमुकाममा सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुखहरूसँगैको अन्तरक्रिया र हक-अधिकार स्थापनाका लागि गरेका प्रयासहरूका बारेमा दोहोरो छलफल भएको थियो । आफ्नो गाउँमा बाँधको सुव्यवस्थालगायत तराईका अनुभवहरू पहाडबाट जाने आफ्ना समकक्षीहरूसँग बाँडचुड गरे । गौरवसँग भन्दै गए, "हामीले हाम्रो गाउँमा बचत कोष सङ्कलन गरेका छौं । खर-खाँचोमा सरसापटी चलाएका छौं । गाउँमा सहकारी खोलेर स-साना व्यवसाय गर्दै आएका छौं । हामीमाथि भएको थिचोमिचो गर्नेहरूलाई यसो नगर भनेर औंला ठड्याएका छौं । विकास उन्नतितर्फ लाग्ने क्रममा आँप, लिची, केराका बिरुवाहरू करेसाबारीमा लगाएका छौं । प्याजको बीउ आफैंले राखी प्याजखेती गऱ्यौं । गाविसमा आउने रकममा हाम्रो गाउँको विकासका काममा खर्च गर्न लगाएका छौं । गैरसरकारी संस्थाहरूबाट ढिकी पम्प, ट्युवेल ल्याई गाउँमा पिउने पानीको बन्दोबस्त गर्न थालेका छौं " यस्ता अनुभव दङ्ग पर्दै सुनाए ।

कामना सापका अध्यक्ष मञ्जु खुलाल मगरले भ्रमण टोलीका सदस्यहरूलाई अभिवादन गर्दै फूलमालाले स्वागत गर्नुभएको थियो । अरू सदस्यले टीका लगाएर स्वागत गरे ! पत्रकारहरूको टोलीले स्थानीयसँग छलफल गऱ्यो । सापका सदस्यले श्रीमान्ले जग्गा बेच्नुअगाडि श्रीमतीको सहमति लिनुपर्ने, जाँड-रक्सी खान नपाउने, जन्म दर्ता, विवाह दर्ता, नागरिकताको प्रमाण-पत्र लिने काममा महिला सदस्यहरू सक्रिय हुने परिपाटी सापमा रहेको कुरा जानकारी दिए । त्यस्तै लोग्नेले स्वास्नी कुट्न नपाउने, कुटेमा मानवअधिकारको हनन भएको ठहरिने । शिशुबारी



सप्तरीका सापले प्रत्येक सदस्यबाट मासिक बचत बीस रूपैयाँका दरले सङ्कलन गर्ने चलन बाँधेको छ । बिरामी, सुत्केरी, मृत्यु आदिमा सघाउने परिपाटी कायम गरेको बताए । यो भेटघाटमा पश्चिम पिप्रामा सञ्चालित प्रगति, मखमली, नवप्रभात, जनकल्याण,

सिर्जनशिल, जनचेतना सामाजिक परिवारका प्रतिनिधिहरूको उपस्थित थियो । मनमाया खपाङ्गी, प्रेममाया कार्की, मञ्जु चौधरी र गंगा दर्लामीलगायतका अगुवाहरूले आ-आफ्ना विचार राख्नुभएको थियो ।



त्यसपछि भ्रमण दलका सदस्यहरू उदयपुरतर्फ लागे । हडिया वडा नं. ५ डुगाहमा जनजागरण सामाजिक परिवारको आयोजनामा सरस्वती, दलित एकीकृत र महिला सापका प्रतिनिधिहरूको उपस्थितिमा स्वागतद्वारमा पानीका घडा दुवैतिर राखी, स्थानीय सापका अध्यक्षलगायत महिला-पुरूष सदस्यहरू दुवैतर्फ लामबद्ध भई उभिएर अभिवादन गर्दै गलामा माला, निधारमा राता टीका र मुखमा मुस्कानले वास्तवमा भावपूर्ण स्वागत गरे । दुवैको कुनै स्वार्थ छैन, कुनै आशा वा लोभ छैन, पूर्ण प्रेम छ । पहाडका आतिथिहरूका लागि तराई, चुरे र महाभारत श्रृङ्खलाबीच समथर भाग (दुन) मा बस्ने ती सरल, अति मिलनसार र खुला हृदयका तिनीहरूबीचको मिलन देख्दा साँच्चै एउटा अति आनन्दपूर्ण क्षण हुँदो रहेछ । जहाँ बसे पनि समान आर्थिक अवस्था उही दुःख, उत्तिकै चेपुवा भोगेका ग्रामीण किसानबीचको मधुर मिलन कति आनन्दपूर्ण हुँदोरहेछ त्यो यहाँ लेख्न सकिने शब्द नै छैन ।

स्वागतपछि केही कुर्सी र त्रिपाल बिछ्याइएको सफा आँगनमा बसेर छलफल अगाडि बढ्न थाल्यो । पाहुनाहरूको स्वागत मन्तव्य गर्दै जनजागरण सापका दुर्गाबहादुर सार्की भन्नुहुन्छ, “हाम्रो ठाउँ त वर्षा लाग्यो खोलाले पेल्छ । हिउँद लाग्यो घामले पेल्छ, खोलाको छेउको बस्ती छ, बाढीले बगाएर लैजाला भन्ने डर । यो खोलामा तटबन्धन गर्न पाए केही सजिलो हुन्थ्यो होला ।”

‘समग्र’ हाम्रो ठाउँमा पसेपछि नाम थर बताउन सक्ने भयौं । हामी पनि अवलोकन भ्रमण गर्दा गोरखा, लम्जुङ र धादिङ गएका थियौं । राम्रोसँग डुलेर आयौं । हाम्रो ठाउँमा आउनुभएको छ आशिष् दिएर जानुहोला भन्दै भावुक भए । दुर्गाबहादुर दाइ सुरुदेखि समग्रको साधारण सदस्य पनि छन् । दलित एकीकृत सापका उपाध्यक्ष फुलियादेवी सदा भन्नुहुन्छ, “जसरी भए पनि गाउँको भेदभाव हटाउन लागेका छौं ।” अर्का सदस्य भोलामान तामाङ्गले फेरि पनि हाम्रो ठाउँमा आउनुहोला भन्ने निम्ता दिनुभयो । यसै गरी शेरबहादुर परियारले भन्नुभयो, “हाम्रो ठाउँ त यस्तै हो । हामीसँग भूमि छ, जल छैन, सिँचाइ गर्न पाए हुन्थ्यो भनेर यसमा लागेका छौं । तपाइहरू आउनुभयो धेरै धन्यवाद ।” यो साप साँच्चै समावेशी छ, पहाड र तराई मूलका मान्छे मिलेर बसेका छन् ।

यसपछि टोली हडियाकै वडा नं.४ को शिवशक्ति सामाजिक परिवारको अवलोकनतर्फ लाग्यो । विद्यालय प्राङ्गणमा आयोजित कार्यक्रममा शिव शक्तिका रामबहादुर श्रेष्ठले भन्नुभयो, “समग्रको सहकार्यमा कृषिसँग सम्झौता गरी बाखापालन कार्यक्रम शुरू गर्‍यौं ।” देवीका कार्की, नमिता घले, गोमा श्रेष्ठले हक-अधिकारका बारेमा जानकारी दिनुभयो । भ्रमण दलका तर्फबाट कृष्णमुरारी भण्डारी, मादव सिग्देल, दुर्गादत्त घिमिरेले शुभकामना मन्तव्य दिँदै हौसला दिनुभयो, संगठन भनेको शक्ति हो । तपाईंहरू संगठित हुनुभएको छ । यो गाउँमा के गर्न सकिन्छ । बोरिङ गरेर पानी ल्याउने, अधिकार कसैले दिँदैन आफैले ल्याउनुपर्छ त्यसमा लाग्नुभएको छ । उन्नति-प्रगतिका लागि शुभकामना !” गोमा श्रेष्ठले थप्नुभयो, “कोषमा सङ्कलन भएको रकम बैंक खातामा जम्मा गरेका छौं । हाम्रो प्रयास छ हेर्दै जाऔं, तपाईंहरू आउनुभएकामा धन्यवाद ।”

तेस्रो दिन सिराहाको सिस्वानी गाविस वडा नं. ८ मा पुग्यो भ्रमण टोली । यो ठाउँ दक्षिणमा पर्छ र यो मधेशमा रहेको सामाजिक परिवार भएकाले यसमा सबै मधेसी महिला सहभागी भएका छन् । मिलन सापका कागोदेवी सदाले स्वागत गर्दै भन्नुभयो, “तालिम प्रशिक्षणबाट धेरै कुरा सिक्यौं । हाम्रोमा त दलित-दलितबीच व्यापक छुवाछुत छ । यसका विरूद्ध अभियान नै सञ्चालन गर्नुपर्ने भएको छ । समग्र आएपछि घुम्टो उघारेर बोल्न सक्ने भयौं । हक-हितका कुरा गर्न थाल्यौं । जिल्लाका हाकिमहरूसँग बसेर कुरा गरी हाम्रा लागि सघाउन भन्यौं । माँभद्र सापका

सीतादेवी राम, सरस्वती सापका अध्यक्ष सानोदेवी राम, स्वागदेवी राम, पानुदेवी रामहरूले स्थानीयका तर्फबाट त्यस ठाउँका समस्या समाधानका प्रयासहरूवारे प्रस्ट पार्ने काम गरे । युथ एफएमका आरसी यादवले शुभकामना दिनुभयो ।

यस पटकको भ्रमण कार्यक्रम सप्तरी डिमनमा सञ्चालन् भएका सामाजिक परिवारहरूमाझ गएर टुङ्गियो । डिमनको भ्रमण थप स्मरणीय, अनुकरणीय भयो । किसान चाहे त्यो पहाडको कुनै चुचुरोमा बास बस्ने होस् वा मधेशको कुनै फाँटको झुपडीमा बसोस् तिनलाई भाषा, भेष-भुषाले छेक्दैन, रोक्दैन । यही हो नेपालीपन । पहाडका छाप्रा र तराईका झुपडीका



किसानबाट सिकौं । हामी गरीव भए पनि दिल गरिब छैन भन्ने सन्देश दिइरहेको थियो यो भेटघाटले ।

अन्यत्र जस्तै डिमन गाविसमा पनि दादाजी सामाजिक परिवारको आयोजनामा जम्मा भएका अरू सापका प्रतिनिधि सदस्य समेत मिलेर पाहुनाहरूलाई भव्य स्वागत-सत्कार गरे । यी मधेशी समुदायका आधारभूत बस्तीका झुपडीका सरल मित्रहरूसँग पहाडीया समुदायको भाषा-भेष मिल्दैन । तर उद्देश्य मिल्छ, लक्ष्य मिल्छ । उता उनीहरू पीडित छन् यता यी समुदाय पीडित छन् । दुवैतर्फकाले आ-आफ्ना मातृभाषामा गीत गाए । दुवैतर्फका व्यक्तिहरू संयुक्त रूपमा नाचे । सापहरूले मानवअधिकार उल्लंघन गर्नेहरूसँग वैधानिक मुकाबिला थालेको, सार्वजनीक आँपका रूखहरू जोगाएको, कोष जम्मा गरी आपत् पर्दा काम चलाउन थालेको, दुःखमा सापका सदस्यहरू मिलेर एक आपसमा सघाउन थालेको, जिल्ला सदरमुकामसम्म आफ्ना आवाज पुऱ्याई त्यहाँका सरकारी, गैरसरकारी क्षेत्रहरूबाट साधन-स्रोत जुटाई विकासका काम थालेको, आफ्नो गाविसको वार्षिक बजेटबाट केही रकम ल्याएर काम थालेको, आदि अनुभवहरू सुनाए । पहाडीयाहरूले आफ्ना दुःख पोखे र पहाडतर्फको भ्रमणमा आउँदा आफ्नो सामाजिक परिवारमा एक रात बास बस्ने गरी आउन निम्ता पनि दिन भ्याए ।

त्यसपछि पहाडी पाहुनाहरू फर्किए तर टाढा नपुग्दासम्म फर्की-फर्की हेर्दै थिए ती मधेशबासीको आतिथ्य सम्झेर ।

## मानवअधिकारमा आधारित विकास कार्यक्रम तालिममा सहभागी

डानिडा फेलोसिप सेन्टर र द डेनिस इन्स्टिच्युट फर ह्यूमन राइट्सको आयोजनामा २०६७ साल मंसिर ६ देखि २४ गतेसम्म डेनमार्कको राजधानी कोपेनहेगनमा सञ्चालन भएको “मानवअधिकारमा आधारित विकासका कार्यक्रमहरू” विषयक तालिममा यस संस्थाका कार्यक्रम अधिकृत अमर अधिकारी सहभागी हुनुभयो । नेपाल, बंगलादेश, जाम्बिया, घाना, सेरालियोन र बेनिन गरी ६ देशका १८ जनाको सहभागिता रहेको सो तालिममा मानवअधिकार र विकाससम्बन्धी अवधारणाहरू, संयुक्त राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय मानवअधिकार प्रणाली, मानवअधिकार र विकासका अवधारणा तथा मान्यताहरू, मानवअधिकार र विकासका चुनौतीहरूको मापन, मानवअधिकारमा आधारित कार्यक्रमको प्रस्ताव लेखन तथा व्यावहारिक प्रयोग, दलित तथा सिमान्तकृतहरूको, सशक्तीकरण, डेनमार्कको संसद्,



परराष्ट्र मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मानवअधिकार आयोगको भ्रमणसहित थुप्रै विषयहरूमा अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षकहरूबाट प्रशिक्षण दिइएको थियो ।

## मंसिर महिनामा सम्पन्न क्रियाकलापहरुको विवरण

| क्रियाकलाप | | सहभागी संख्या | | |
|---|---|---|---|---|
| विवरण | संख्या | महिला | पुरुष | जम्मा |
| स्थानीय तहमा मानवअधिकारको अनुगमन | ६२ | ८७३ | ४१० | १२७३ |
| जातीय विभेद र मानवअधिकार उल्लङ्घनविरुद्ध जनचेतना अभियान | ३४ | ११५३ | ४७७ | १६३० |
| सामाजिक लेखाजोखा | ३ | ४७ | १०२ | १४९ |
| अवलोकन भ्रमण | १ | ४० | १३ | ५३ |
| सहभागितामूलक योजना निर्माण तथा स्रोत मापन | ५५ | ८६३ | ३७२ | १२३५ |
| मानवअधिकारसंग सम्बन्धित विभिन्न दिवसहरू मनाउने | ८ | २३४ | २८५ | ५१९ |
| झगडा मिलान | १७ वटा मुद्दा | | | |
| स्रोतसाधन र अधिकारमा दाबी | १० वटा संस्था | | | |
| सामाजिक परिवारको संस्थागत विकाससम्बन्धी अभिमुखीकरण | ४५ वटा सामाजिक परिवार | | | |

## यदि म एउटा नेता हुन्थेँ



शत्रुघन राम
उत्प्रेरक, महोत्तरी

यदि म एउटा नेता हुन्थेँ ।
सिमान्तकृत मानिसको सवाललाई अगाडि राख्थेँ ।
उहाँहरू कै बस्तीलाई कार्यक्षेत्र बुझी,
आफ्नो कर्म स्थल ठान्थेँ ॥ यदि म ...
त्यही भत्केको घरलाई मन्दिर ठान्थेँ ।
उही समाजलाई देवता ठानी पूजा गर्थे ।
विपन्नकै सवाललाई प्रसाद भन्दै ग्रहण गर्थें ॥ यदि म..
समान व्यवहार गरी उहाँसँगै रमाउँथेँ ।
आफ्नै भ्रातृत्व ठानी माया गर्थें ।
वञ्चित बालबालिकालाई स्तरीय शिक्षा दिलाउँथेँ ॥ यदि म..
राज्यका हरेक निकायमा पहुँच गराई,
उहाँहरूको अधिकार सुरक्षित गराउँथेँ ।
असल नेतृत्व र समतामूलक समाजको निर्माण गर्थें ॥
यदि म..
अत्याचार र अन्यायविरूद्ध लडी न्यायको स्थापना गर्थें ।
दमन र तानासाहीबाट मुक्ती दिलाई,
सभ्य समाज जिन्दावादको नारा घन्काउँथेँ ॥ यदि म..

## मानवअधिकार दिवस मनाइयो

अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (सन् २०१० डिसेम्बर १०) लाई समग्रका जिल्ला/क्षेत्रीय कार्यालयहरू तथा सामाजिक परिवारहरुले विभिन्न कार्यक्रमहरू र चेतना अभियानहरूसहित मनाए ।

- धादिङ जिल्लामा विभिन्न संस्थाहरू मिलेर अन्तर्राष्ट्रिय मानवअधिकार दिवस र लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत: मानवअधिकार र धादिङ विषयक अन्तरक्रिया कार्यक्रम, मानवअधिकार तथा शान्ति स्मारिका सार्वजनिक, निबन्ध प्रतियोगिताकाका विजयीहरूलाई पुरस्कार वितरण, लोकगीत प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण ।
- युथ एफ्एम् ९६.८ मा विशेष रेडियो कार्यक्रम सञ्चालन तथा सामाजिक परिवार विषयक साप्ताहिक कार्यक्रम प्रसारण सुरु गरियो ।
- लमजुङ जिल्लाको बाग्लुङ्पानीस्थित चेतनशील र शिवशक्ति सापमा लैंगिक विभेदका सम्बन्धमा एकल तथा दोहरी गीत तथा सहभोज र घनपोखराको शुभलाभ, हरियाली र लालीगुराँस सापमा छुवाछुतसम्बन्धी नाटक । त्यस्तै सिम्पानीका सापहरू, स्थानीय जनसमुदाय तथा शिक्षकहरूको समेत उपस्थितिमा अन्तरक्रिया कार्यक्रमसहित मानवअधिकारसम्बन्धी गीत, अन्धविश्वासमा रुमलिएको शीर्षकको नाटक प्रस्तुति ।
- गोरखा जिल्लाको खोप्लाङस्थित अन्नपूर्ण सापमा मानवअधिकार उल्लँघनसम्बन्धी चित्रकला प्रतियोगिता र नगरपालिका-३ मसारको जनजागरण सापमा अन्तरक्रिया कार्यक्रम ।
- समग्रसहित सिरहा जिल्लाका मानवअधिकारवादी संस्थाहरूको संयुक्त सञ्जाल र मानवअधिकार संरक्षण केन्द्रको अगुवाइमा लाहानमा रक्तदान कार्यक्रम, विचार गोष्ठी तथा मानवअधिकारकर्मीलाई सम्मान ।
- समग्रको उदयपुर शाखासहित जिल्लाको मानवअधिकार सञ्जाल र अन्य सम्बन्धित संस्थाहरूको संयुक्त आयोजनामा बिहान ब्यानरसहितको ऱ्याली, सिटीहल गाइघाटमा सभा । खुलेर बोलौं, विभेद अन्त्य गरौं भन्ने नाराका साथ सुरु भएको त्यस सभामा बालबालिकाद्वारा मानवअधिकार उल्लघनविरुद्ध सडक नाटक प्रदर्शन र विभिन्न वक्ताहरूबाट मानवअधिकारको रक्षा, प्रवर्द्धन र चेतना अभिवृद्धिको बारेमा विचार व्यक्त ।
- धनुषा, महोत्तरी र सप्तरीमा समग्रले अन्य मानवअधिकार संस्थाहरुसँग मिलेर विभिन्न कार्यक्रमहरू सञ्चालन ।

सम्पर्कका लागि ठेगाना:
समग्र विकास सेवा केन्द्र, हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np, वेभसाइट: www.samagra-nepal.org